नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९  स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५  अंक १८३  २०८२ साल फागुन ८ गते शुक्रबार (20 Feb 2026 Friday)  मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : चुनौती छिचोल्दै उपलब्धिको ... ३ पृष्ठमा : मतदाता शिक्षा कार्यक्रममा ... ३ पृष्ठमा : एआई साझा हितका ...

# निर्वाचन आचारसंहिता पालना गर्न प्रेस काउन्सिलको आग्रह




**दैनिक समाचारदाता राजविराज, ७ फागुन ।**

नेपाल पत्रकार महासंघका महासिचव एवं प्रेस काउन्सिल नेपालका सदस्य रामप्रसाद दाहालले निर्वाचन आचारसंहिता भित्र रहेर समाचार प्रकाशन र प्रसारण गर्न आग्रह गरेका छन् ।

बिहीबार राजविराजमा प्रेस काउन्सिल नेपालद्वारा आयोजना गरिएको निर्वाचन आचारसंहिता र मिडिया विषयक अन्तरक्रिया कार्यक्रममा उनले यस्तो कुरा बताएका हुन् ।

मिडिया आफैमा एउटा सशक्त माध्यम भएको भन्दै उनले हाल नयाँ प्रविधिको भईरहेको दुरुपयोग प्रति चिन्ता व्यक्त गर्दै यसतर्फ पनि जिम्मेवार बन्नुपर्नेमा जोड दिए ।

'स्वस्थ, स्वच्छ, स्वतन्त्र, मर्यादित पत्रकारितामैत्री प्रेस काउन्सिल नेपाल' मुल नाराका साथ आयोजना गरिएको कार्यक्रममा नेपाल पत्रकार महासंघ सप्तरीका पुर्व अध्यक्ष बैद्यनाथ झा र जिल्ला निर्वाचन कार्यालय सप्तरीका प्रमुख रमेश कुमार जोशीले सप्तरीमा आचारसंहिताको अवस्थाबारे जानकारी गराएका थिए ।

कार्यक्रममा प्रेस काउन्सिल नेपालका आचारसंहिता अनुगमनकर्ता प्रकाश बस्यालले सातवटै प्रदेशमा यस्तो कार्यक्रम सञ्चालन गरिएको जानकारी

*बाँकी तीन पृष्ठमा*

# प्रजातन्त्र दिवसमा प्रभातफेरी



**दैनिक समाचारदाता राजविराज, ७ फागुन ।**

राष्ट्रिय प्रजातन्त्र दिवस २०८२ विभिन्न कार्यक्रको आयोजना गरी मनाईदै छ । यसैक्रममा विहीबार विहान प्रभातफेरीको आयोजना गरिएको छ ।

राष्ट्रिय प्रजातन्त्र दिवस २०८२ लाई फागुन ६, ७ र ८ गते भव्यताका साथ मनाउने सन्दर्भमा गठित मुल समारोह समितिका अध्यक्ष एवं जिल्ला समन्वय समिति सप्तरीका प्रमुख शिवनाराण साहको अगुवाईमा सदरमुकाम राजविराजमा प्रभातफेरी कार्यक्रको आयोजना गरिएको हो ।

प्रभातफेरी कार्यक्रममा राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परवीन, प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेल, नेपाली सेना बरखगणका गणपति सोवित बहादुर चन्द, जिल्ला प्रहरी कार्यालयका प्रमुख गौतम कुमार केसी, सशस्त्र प्रहरी उपरीक्षक रोशन बुढाथोकीका साथै विभिन्न विद्यालयका शिक्षक र विद्यार्थी, कार्यालय प्रमुख तथा सुरक्षाकर्मीहरुको सहभागिता रहेको थियो ।

प्रजातन्त्र दिवस तीन दिन सम्म विभिन्न रचनात्मक कार्यक्रमहरु गरेर मनाउने तयारी भएको मुल समारोह समितिले जनाएको छ ।

# नेजपाको फरक शैलीमा चुनावी अभियान



**दैनिक समाचारदाता राजविराज, ७ फागुन ।**

फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका क्रममा मतदातालाई आकर्षण गर्न नेजपाका उम्मेदवारहरुले फरक-फरक शैलीमा चुनावी प्रसारप्रसार गरिरहेका छन् ।

नेपाल जनता पार्टी ( नेजपा) ले बिहीबार सप्तरीमा चारवटै निर्वाचन क्षेत्रका आफ्ना उम्मेदवारलाई साधुसन्तबाट आशिर्वाद दिलाउँदै चुनावी प्रचारप्रसार अभियान सुरु गरेका छन् ।

राजविराजस्थित क्याम्पस खेलमैदानमा सयौंको संख्यामा भेला भएका साधुसन्तबाट आशिर्वाद थाप्दै उम्मेदवारहरु आ-आफ्नो क्षेत्रमा फर्कि प्रसारप्रसार अभियान शुरु गरेको पार्टीका जिल्ला प्रवक्ता ललन मण्डलले जानकारी दिए ।

हिन्दुवादी संगठनको रुपमा चिनिएका सो पार्टीका उम्मेदवारहरुले हिन्दु घर्म गुरु र साधुसन्तको आशिर्वाद लिदै विधिवत रुपमा चुनावी प्रसारप्रचारमा जुटेको बताएका छन् । उक्त पार्टीबाट सप्तरीको निर्वाचन क्षेत्र नं. १ मा दिपेन्द्र प्रसाद यादव, क्षेत्र नं. २ मा रञ्जु झा ठाकुर, क्षेत्र नं. ३ मा डा. सन्तोष चमन यादव र क्षेत्र नं. ४ मा कोशल किशोर दास उम्मेदवार छन् ।

उक्त पार्टीद्वारा जारी गरिएको संकल्पपत्रमा संघीय गणतान्त्रिक सहितको पुर्ण लोकतान्त्रिक हिन्दु सनातन राष्ट्र निर्माण, सबै जातजाती धर्मावलम्वी र क्षेत्रको न्यायोचित समावेशीकरण, समानुपातिक प्रतिनिधित्व, शिक्षा, स्वास्थ्य, खेलकुद, सांस्कृतिक र पत्रकारिता क्षेत्रको उत्थान लगायतका

*बाँकी अन्तिम पृष्ठमा*

# सर्लाहीमा गोली लागेर एक बालक घाइते

**त्स्दैनिक समाचारदाता** मलङ्गवा, ७ फागुन ।

सर्लाहीको सदरमुकाम मलङ्गवामा बिहीबार गोली लागेर एक बालक घाइते भएका छन् । मलङ्गवा नगरपालिका-४ निवासी रामविश्वास रामका १५ वर्षीय छोरा आकाश राम गोली लागेर घाइते भएका हुन् ।

मलङ्गवा-४ स्थित 'ढाकाबोर्डर' भन्ने स्थानमा फेला परेको बेवारिसे पेस्तोल खेलाउने क्रममा बालकलाई गोली लागेको हो । उक्त घटनामा बालकको दाहिने हातको पञ्जामा गोली लागेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक सरोज राईले जानकारी दिए ।

ढाकाबोर्डरस्थित निर्माणाधीन हनुमान मन्दिरभित्र कुनामा रातो कपडाले बेरिएको वस्तु खोली हेर्दा पेस्तोल भेटिएको र सो पेस्तोल नक्कली होला भनी चलाउने क्रममा पड्किँदा बालक घाइते भएको प्रहरीले जनाएको छ ।

घाइते बालकको प्रादेशिक अस्पताल मलङ्वामा उपचार भइरहेको र हाल खतरामुक्त रहेको प्रहरीले जनाएको छ । गत आइतबार फागुन ३ गते राति मलङ्गवामै अज्ञात व्यक्तिको गोली प्रहारबाट भौतिक पूर्वाधार विकास कार्यालय सर्लाहीमा कार्यरत सब-इन्जिनियर प्रमोदकुमार यादवको हत्या भएको थियो ।

उक्त घटनामा प्रयोग भएको हतियार पनि हुनसक्ने आशंकामा प्रहरीले अनुसन्धान गरिरहेको जनाएको छ ।

**प्रजातन्त्रका आधारभूत पक्ष**

- संवैधानिक सर्वोच्चता ।
- बहुलवादको सम्मान ।
- विधिको शासन ।
- शक्ति पृथकीकरण ।
- आवधिक निर्वाचन ।
- मौलिक हक ।
- मानव अधिकार ।
- प्रेस तथा वाक स्वतन्त्रता ।
- सामाजिक न्याय तथा समावेशीकरण ।
- आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास लगायतका पक्षहरु ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### सकारात्मक सोच आवश्यक

विकाससँग सरोकार राख्ने कुनै पनि कार्यमा जनता नै सर्वपरी हुन्छ । उनीहरुको साथ बिना त्यस्तो कार्य सम्भव हुँदैन् । तर, जनताले नै आफ्नो अधिकार सदुपयोग गर्न नसक्दा विकासीय कार्यहरु प्रभावित हुने गरेको छ । विकासको नाममा जताभावी रुपमा बजेटको दुरुपयोग भइरहदा जनताले त्यसलाई खबरदारी गर्न नसक्दा सही उपयोग हुनसकेको छैन् । विकास भन्ने शब्द यस्तो पाटो हो जसले समाजको भौतिक रुपलाई सुन्दर बनाउछ । जुन सबै जनताको पहिलो चाहना र काम गर्ने नेताको पहिलो प्राथमिकतामा पर्दछ ।

जुनसुकै कामको सुरुवात सकारात्मक सोचका साथ गर्नुपर्छ । काम गर्नु भन्दा पहिले नै सकरात्मक सोचको विकास गरि अगाडी बढ्नु आवश्यक छ । त्यस्तै समाजमा परिवर्तन ल्याउनु छ भने सबै भन्दा पहिले विकास अनिवार्य हुनुपर्छ । भ्रष्टाचार गर्नु कानुन विपरीत कार्य तथा जनताको चहानामाथी कुठाराघात गर्नु हो । अहिले कुनै-कुनै स्थानमा त विकासको नाममा ब्रहमलुट नै मचेको छ । यसका लागि जनप्रतिनिधिहरुको सकारात्मक कदम, जनताको साथ र सहज वातावरण आवश्यक पर्छ । यी तीनै कुरा मिल्न सके मात्र विकास सम्भव छ । होइन भने जति चाहे पनि विकास हुदैन् ।

तसर्थ कुनै पनि बहानामा विकासलाई अवरुद्ध गर्नु हुँदैन् । विकासका लागि सकारात्मक सोच आवश्यक पर्नुका साथै जनताको हस्तक्षेप समेत अनिवार्य हुन्छ ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# चुनौती छिचोल्दै उपलब्धिको यात्रामा राससः

**धर्मेन्द्र झा**

काठमाडौँ, ७ फागुन (राससः) ।

राष्ट्रिय प्रजातन्त्र दिवस ( फागुन ७) का दिन आजभन्दा ६५ वर्ष पहिला अर्थात् २०१८ सालमा राष्ट्रिय समाचार समिति (राससः)को स्थापना भएको हो । यसर्थ राष्ट्रिय प्रजातन्त्र दिवस र राससःको स्थापना दिवस दुवै खास महत्त्वका छन् । प्रजातन्त्र दिवस र राससःको वार्षिकोत्सव नेपालको लोकतान्त्रिक यात्रा र सूचना प्रणालीको विकासलाई एकैसाथ सम्झने अवसरका रूपमा लिन सकिन्छ । प्रजातन्त्रले नागरिकलाई अधिकार दिएको छभने राससःजस्ता विश्वसनीय सञ्चारमाध्यमले ती अधिकारको प्रयोगलाई सार्थक बनाएका छन् ।

राष्ट्रिय संवाद समिति र सगरमाथा संवाद समितिलाई गाभेर स्थापना भएको राससःले आफ्नो स्थापनाकालदेखि नै राष्ट्रिय र अन्तरराष्ट्रिय रूपमा विविध सेवामार्फत समाचारसँग सम्बन्धित सामग्री आफ्ना सेवाग्राहीलाई उपलब्ध गराउँदै आएको छ । स्थापनाकालदेखि आजपर्यन्त राससःले समयको पदचापलाई पछ्याउँदै आवश्यकतानुसार विविध प्रकारका सेवा उपलब्ध गराएर जनताको सुसूचित हुन पाउने हकको प्रत्याभूतिका सन्दर्भमा तल्लीन रहँदै आएको सबैका सामु स्पष्ट छ ।

साढे छ दशक लामो यात्राको थालनी गर्दा राससःले स्वदेश तथा विदेशका निष्पक्ष, तथ्यपरक र विश्वसनीय समाचार सङ्कलन र सम्प्रेषण गरी आमजनतालाई सुसूचित गराउने ध्येय राखेको थियो । नेपाली, अङ्ग्रेजी, अन्तरराष्ट्रिय समाचार एवम् तस्बिर हुँदै यसले पछिल्ला समयमा विचार सेवाका साथै श्रव्य र श्रव्यदृश्य समाचार सामग्री आफ्ना ग्राहक अर्थात् पत्रपत्रिका, रेडियो, टेलिभिजन, अनलाइनलगायत आमसञ्चारमाध्यमलाई उपलब्ध गराउँदै आएको छ । प्रारम्भमा उपयोगमा ल्याएको टाइपराइटर, लिथो, फ्याक्स र टेलिप्रिन्टरबाट सूचना प्रविधिको क्षेत्रमा आएको परिवर्तनसँगै वर्तमानमा राससःले आफूलाई परिमार्जन गर्दै कम्प्युटर, इन्टरनेट, एफटिपी हुँदै हाल आफ्नो सेवा ‘न्यूजलाइन’मार्फत निरन्तर प्रवाह गर्दै आएको छ ।

वास्तवमा सञ्चार र आमसञ्चारमाध्यमको विकासक्रम तत्कालीन समयको मागअनुसार परिमार्जित र परिस्कृत हुँदै गएको छ । आमसञ्चारमाध्यमका उपभोक्ता पाठक, श्रोता र दर्शकको चाहनाअनुसार विषयवस्तु, माध्यम र सम्प्रेषणको तौरतरिकामा पनि परिवर्तन र परिष्कृत हुँदै गएको यथार्थ हामीबाट छिपेको छैन । परेवा हुँदै इन्टरनेटसम्म (पिजन टू इन्टनेट) को यो यात्राको विकासक्रमले यही कुराको पुष्टि गरेको छ ।

समयको गतिअनुसार सेवाको विविधीकरण र विस्तारमा जोड दिँदै आएको राससःले प्रविधिको प्रयोगसँगै सेवालाई २४ सै घण्टा विस्तार गरेर नेपाली पत्रकारितामा ‘डेडलाइन’को परम्परागत मान्यतामा परिवर्तन गर्ने प्रयत्न गरेको छ । राससःले नेपाली पत्रकारितामा अब डेडलाइन हुँदैन भन्ने मान्यता स्थापित गर्न सफलता प्राप्त गरेको छ भन्न पाउनु हाम्रा लागि सन्तोषको विषय हो । यसै सन्दर्भमा राससःले मातृभाषामा समाचार प्रवाह गरेर समाचार सेवाको विविधीकरण र राष्ट्रिय भाषाको संवर्द्धनमा योगदान दिएको छ । पछिल्लो समयमा समावशी अवधारणालाई कार्यान्वयन गरी राससःलाई वास्तविक अर्थमा राष्ट्रिय स्वरुप प्रदान गर्ने प्रयासका सन्दर्भमा अवधि, नेपाल भाषा र मैथिली भाषाका समाचार बुलेटिन प्रकाशन गरिरहेको राससः प्रदेश र स्थानीय सरकारसँग सहकार्य गर्दै अन्य भाषामा समेत यस्ता बुलेटिन प्रकाशनको प्रयत्नमा जुटेको छ ।

आफूलाई २१औँ शताब्दी अनुकूलको अन्तरराष्ट्रियस्तरमा प्रतिस्पर्धी समाचार एजेन्सीका रूपमा विकसित गर्न राससः सेवा विविधीकरण र भौतिक पूर्वाधार विकासका साथै नवप्रवर्तन प्रवर्द्धनका दिशामा लागिपरेको छ । मिडिया सङ्ग्रहालयको स्थापना, स्टुडियो एवम् आधुनिक समाचार कक्षको विकास एवम् विस्तार, राससः शैली पुस्तकलगायत विविध पुस्तक प्रकाशन, २०१८ सालदेखिका राससःका समाचार बुलेटिन सहज रूपमा हेर्न, पढ्न र अध्ययन गर्न सजिलो हुने गरी खुला बुलेटिन कक्ष स्थापना, बर्सेनि फोटो प्रदर्शनी राससःको बहुआयामिक पक्षको सुदृढीकरणका केही झलक हुन् ।

राससःले देशमा समग्र पत्रकारिताको प्रवर्द्धनमा बल पुऱ्याउने उद्देश्यले भरतपुरमा राससः अत्याधुनिक तालिम केन्द्रको स्थापनाका दिशामा पनि सक्रिय रहँदै आएको छ । निर्माणको अन्तिम चरणमा रहेको यो केन्द्रको उपस्थितिमा भविष्यमा पत्रकारिताको प्राज्ञिक विकासमा टेवा पुग्ने विश्वास गरिएको छ । यतिमात्र होइन, राससः प्रदेश सरकारहरूको सहकार्य र समन्वयमा प्रदेशमा रहेका आफ्ना भौतिक संरचनाको विकास गरी प्रादेशिकस्तरमा समेत पत्रकारिता विकास तथा अनुसन्धान केन्द्रको स्थापनाका दिशामा सक्रिय रहँदै आएको जानकारी गराउन पाउनु हाम्रा लागि निश्चय पनि गौरवको विषय हो । यस्तै, राससःले पछिल्लो समयमा विभिन्न स्थानमा रहेका आफ्ना भौतिक संरचनालगायत सम्पत्तिको संरक्षण र व्यवस्थापन गरेर अधिकतम् लाभ प्राप्तिको रणनीति तय गरेको छ ।

आफ्नो ६५औँ वार्षिकोत्सवको सन्दर्भ तथा १५औँ विश्व रेडियो दिवसका अवसरमा राससःले यही फागुन १ गते शुक्रबारदेखि आफ्नो नवीनतम् सेवा ‘पोडकास्ट’ तर्फको पाइला चालेको छ । सूचना प्रविधि, इन्टरनेट र डिजिटल युगको उपलब्धिका रूपमा रहेको आधुनिक समयमा कुनै पनि सञ्चारमाध्यम ‘पोडकाष्ट’जस्ता नयाँ माध्यमको प्रभावबाट मुक्त हुन नसक्ने यथार्थलाई ध्यानमा राखेर राससःले यस्तो प्रयास गरेको हो । परीक्षणका रूपमा ‘राससः संवाद’ पोडकाष्टको शुभारम्भ राससःद्वारा समाचार सेवालाई युगानुकूल बनाउने र समयको माग सम्बोधन गर्ने महत्त्वपूर्ण यात्रारम्भ हो । सँगसँगै राससः सेवा विविधीकरणतर्फको यो एउटा थप र महत्त्वपूर्ण कदम पनि हो ।

यससँगै अन्तरराष्ट्रिय समाचार समितिहरूसँगको सहकार्यबाट अनुभवको लाभ लिएर राससःलाई युगानुकूल, प्रतिस्पर्धी र गुणस्तरीय बनाउँदै अघि बढ्नुपर्ने आजको खाँचो र हाम्रो साझा धर्म र दायित्व हो । राससःको अन्तरराष्ट्रिय सम्बन्ध विस्तारमा केही पहल र प्रयास भएका छन् । अन्तरराष्ट्रिय मञ्चहरूमा राससःको उपस्थिति देखिन थालेको छ । चिनियाँ समाचार एजेन्सी सिन्ह्वासँगको सम्झौता थप परिमार्जन भएको छ भने कतार न्यूज (क्युएनए) सँग नयाँ सम्झौता गरिएको छ । यद्यपि, समग्रमा यी सबै प्रयासहरू हुन्, पर्याप्त होइनन् । यहाँका पत्रकार र कर्मचारीको मनोबल बढाउन र वृत्तिविकासका लागि भएका प्रयास तथा गरिएका कामले नै राससःका उपलब्धिलाई अझ बलियो, सङ्गठित र सुदृढ बनाउने हाम्रो विश्वास छ । यसतर्फ भएका कामलाई आगामी दिनमा अझ ठोस, वैज्ञानिक र व्यवस्थित बनाउनेतर्फ व्यवस्थापनले भविष्यमा अझै ध्यान दिने नै छ ।

वास्तवमा २०१८ फागुन ७ देखि राससःको समाचार सेवाको यात्रा केवल यात्रा मात्र नभएर सत्यतथ्य, आधिकारिक र विश्वसनीय सूचना सम्प्रेषण गरेर मुलुकको आर्थिक, सामाजिक, सांस्कृतिक र समग्र रूपान्तरणको माध्यम हुनु पनि हो । समयको मागअनुरुपको गुणस्तरीय सेवा थप्दै यसलाई समयानुकूल बनाउनु र सूचना प्रविधिसँगै तीव्र रूपमा थपिएका नयाँ नयाँ माध्यम र आम सञ्चारमाध्यमको बीचमा आफूलाई गर्विलो सेवाप्रदायक समाचार समितिका रूपमा उभ्याउनु आजको आवश्यकता हो । राससः हाल मिथ्या सूचनाको बाढी रोक्नुपर्ने दबाबमा छ । यसप्रति पनि राससः सचेत रहँदै आएको छ । यद्यपि, राससःसामु थुप्रै चुनौती छन्, समस्याहरू छन् र अप्ठयारा पनि छन् । परन्तु संस्थासँग योग्य, क्षमतावान, अनुभवी, लगनशील र समर्पित जनशक्ति पनि छन्, जसको सत्प्रयासका कारण जस्तोसुकै चुनौतीको सामाना गर्न पनि राससः सक्षम हुनेछ भन्ने विश्वास गर्न सकिन्छ । चुनौतीलाई अवसरका रूपमा रूपान्तरण गरेर अगाडि बढ्ने हाम्रो प्रणले निश्चय पनि सकारात्मक दिशा प्राप्त हुनेछ ।

आमसञ्चारमाध्यमको मागअनुरुप विविध समाचार सेवा थप्दै आजको बदलिदो परिवेशमा अपरिहार्य बन्दै गएको समाचार समितिको औचित्य पुष्टि गर्न सीमित स्रोतसाधनका बाबजुद क्रियाशील हुन जरुरी छ भन्ने मलाई लाग्दछ । ६५ वर्षको यो यात्रा आगामी दिनमा राससःलाई सबल र अन्तरराष्ट्रियस्तरको सुदृढ समाचार समिति बन्ने लक्ष्यसहितको सत्प्रयास हो भन्न सकिन्छ । प्रजातन्त्र दिवस तथा राससःको वार्षिकोत्सवको यस घडीमा लोकतन्त्रलाई सुदृढ बनाउन सूचना प्रणालीलाई बलियो बनाउनु, जिम्मेवार पत्रकारितालाई प्रवर्द्धन गर्नु र सत्यमा आधारित सार्वजनिक संवादलाई प्रोत्साहित गर्नुपर्ने आवश्यकतालाई पूरा गर्न सबैले साझा प्रण गर्नुपर्ने हुन्छ । (लेखक राससःका कार्यकारी अध्यक्ष हुनुहुन्छ)

# सर्लाहीमा तीन वटा मोटरसाइकल ठोक्किँदा दुई युवकको मृत्यु, दुई घाइते

**दैनिक समाचारदाता**

**बरहथवा, ७ फागुन ।**

जिल्लाको ईश्वरपुर नगरपालिकास्थित खिलामा तीनवटा मोटरसाइकल दुर्घटना हुँदा दुई जना युवकको मृत्यु भएको छ भने अन्य दुई जना घाइते भएका छन् । दुर्घटना बिहीबार राति भएको हो ।

भारतमा दर्ता भएका मोटरसाइकल एकापसमा ठोक्किँदा हरिपुर्वा नगरपालिका-९ मिर्चैयाका मुकेश राय र रामज्ञान रायको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता सरोज राईले जानकारी दिए ।

सोही स्थानका विक्रम राय र रामविश्वास राय घाइते भएका छन् । उनीहरूलाई लालबन्दीस्थित मोडल अस्पतालमा उपचारपछि प्रहरीले नियन्त्रणमा लिएको छ । साथै तीनवटै मोटरसाइकल पनि कारबाहीका निम्ति खिचिएका छन् ।

# मतदाता शिक्षा कार्यक्रममा स्थानीय तहले यसरी गर्दैछन् समन्वय

**प्रकाश सिलवाल**

काठमाडौं, ७ फागुन (रासस)।

आसन्न प्रतिनिधिसभा निर्वाचनका लागि मतदाता शिक्षालगायत कार्यक्रममा स्थानीय तहले सहजीकरण र समन्वय बढाएका छन्।

निर्वाचन आयोगले यही फागुन ३ देखि १७ गतेसम्म देशभरका ७५३ स्थानीय तहका छ हजार ७४३ वडामा एक-एकजना मतदाता शिक्षा स्वयंसेवक परिचालन गरेको छ। त्यसरी खटिएका स्वंसेवकले आम मतदाताको बस्ती र घरदैलोमा पुगेर नमूना मतपत्रको माध्यमबाट निर्वाचनको महत्व र मतदान प्रक्रियाका बारेमा मतदातालाई जानकारी गराएका छन्।

ती स्वयंसेवकको कामको अनुगमनका लागि विगतमा तोकिएको सम्पर्क व्यक्तिले स्थानीय तहमा अनुगमनको जिम्मेवारी पाएका छन्।

आयोगले 'निर्वाचन शिक्षा तथा मतदाता शिक्षा निर्देशिका, २०७८' बमोजिम निर्वाचनका लागि 'मतदाता शिक्षा विशेष कार्यक्रम' स्वीकृत गरी कार्यान्वयनमा ल्याएको हो। राजनीतिक दल र उम्मेदवारको सघन प्रचारप्रसार आरम्भ तथा मतदाता शिक्षाको कार्यान्वयनसँगै स्थानीय तह पनि एक प्रकारले निर्वाचनमय भएको छ।

मोरङको पथरी शनिश्चरे नगरपालिकाका प्रमुख मोहनप्रसाद तुम्बापोले निर्वाचन आयोगको निर्देशानुसार आफूहरुले मतदाता शिक्षा कार्यक्रम सञ्चालन भइरहेको बताउँदै निर्वाचन आचारसंहिताको पालनामा पनि सहयोग हुने प्रतिबद्धता व्यक्त गर्नुभयो।

"निर्वाचनका लागि आयोग र सुरक्षा निकायबाट भवन र कम्प्युटर माग भएको थियो। जेनजी आन्दोलनमा जलाइएका कारण सोचे जति सहयोग गर्न सकेनौं।", प्रमुख तुम्बापोले राससससँग भन्नुभयो, "विशेष परिस्थितिमा अहिले चुनाव आएको छ। मुलुकका स्थायित्व र विद्यमान राजनीतिक प्रणालीको रक्षाका लागि हामी सबै लाग्नुपर्छ। हाम्रा भवन र संरचना जलाइएका भए पनि हामी पुनःव्यवस्थित हुँदैछौं र निर्वाचनका लागि आफ्नो ठाउँबाट समन्वय गरिरहेका छौं।"

महोत्तरीको मटिहानी नगरपालिकाका प्रमुख हरिप्रसाद मण्डलले आयोगको निर्देशनबमोजिम मतदाता शिक्षा कार्यक्रम सञ्चालन भइरहेको जनाउँदै राजनीतिक प्रतिस्पर्धा भए पनि एक अर्कामा मिलेर शान्तिपूर्ण वातावरणमा निर्वाचन सम्पन्न गराउने सचेतनामूलक कार्यक्रम गरिएको बताउनुभयो। उहाँले निर्वाचन मुलुक विशिष्ट आवश्यकता र लोकतन्त्रको आभारस्तम्भ भएकाले तडकभडकरहित मित्रवत प्रतिस्पर्धाबाट मैदानमा लाग्न सबै दल र उम्मेदवारबाट भूमिका निर्वाह होस् भन्नेतर्फ आफूहरुले सहजीकरण गरिरहेको बताउनुभयो।

नुवाकोटको शिवपुरी गाउँपलिकाका अध्यक्ष गोविन्दप्रसाद थपलियाले निर्वाचन आयोगबाट तोकिएका सम्पर्क व्यक्ति (फोकल पर्सन) बाट मत दबर नहोस् भनेर मतदातासमक्ष मतदाता शिक्षा कार्यक्रम सञ्चालन भइरहेको र त्यसका पालिकाले आवश्यक समन्वय गरिरहेको बताउनुभयो।

उहाँले नेपाली सेनालगायत चारै सुरक्षा निकाय र निर्वाचन सुरक्षा प्रहरीसमेतका लागि अस्थायी बसोबासजस्ता काममा पनि गाउँपालिकाले आवश्यक समन्वय र सहयोग गरिरहेको जानकारी दिनुभयो।

जेनजी आन्दोलनका क्रममा कतिपय स्थानीय तहका संरचना जलाइएका कारण ती तहका भवन र संरचना प्रयोग गराउन असुविधा देखिए पनि निर्वाचनका लागि आवश्यक सहयोग भइरहेको पाइएको छ। निर्वाचन आचारसंहिताको पालनामा पनि स्थानीय तहले सहयोग गरिरहेका छन्। आचारसंहितामा कुनै पनि दल र उम्मेदवारको पक्ष वा विपक्षमा स्थानीय तहको स्रोतसाधन दुरुपयोग गर्न नपाइने र जनप्रतिनिधिले आफ्नो पालिका बाहेकमा मात्रै आयोगको सहमतिमा दल वा उम्मेदवारको प्रचारप्रसारमा लाग्न पाइने व्यवस्था गरेको छ।

निर्वाचन आयोगबाट तोकिएका मतदाता शिक्षा अनुगमनकर्ता र स्वयंसेवकका लागि गत माघमै जिल्लास्तरीय तथा स्थानीय तहस्तरीय तालिम तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको थियो। आयोगले आमसञ्चारमाध्यमबाट विभिन्न किसिमका मतदाता शिक्षा सामग्री उत्पादन गरी प्रकाशन एवं प्रसारण गर्न पनि प्रारम्भ गरेको छ। आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले प्रभावकारी मतदाता शिक्षाले मतदाताको बदर मतको अनुपात न्यूनीकरणमा महत्वपूर्ण भूमिका खेल्ने भएकाले यस कार्यमा सहयोग, समन्वय र सहजीकरणका लागि सबै स्थानीय तह, निर्वाचनमा सहभागी दल, उम्मेदवार तथा सञ्चारमाध्यम र सरोकारवालाई आग्रह गर्नुभयो।

उहाँले निर्वाचनका लागि संघीय सरकार, प्रदेश सरकार र निर्वाचन आयोग तथा सुरक्षा निकायका साथै स्थानीय सरकारले स्रोत, साधनले भ्याएसम्म सहजीकरण भइरहेको बताउनुभयो।

# 'अस्थायी मतदाता नामावली सम्बन्धी कार्यविधि २०८२' जारी

काठमाडौं, ७ फागुन (रासस)।

निर्वाचन आयोगले प्रतिनिधिसभा सभा सदस्य निर्वाचनअन्तर्गत समानुपातिक निर्वाचन प्रणालीअनुसार हुने निर्वाचनको लागि आवश्यक पर्ने अस्थायी मतदाता नामावाली सङ्कलन तथा स्थायी मतदान प्रक्रियालाई व्यवस्थित तुल्याउन 'अस्थायी मतदाता नामावलीसम्बन्धी कार्यविधि २०८२' जारी गरेको छ।

आयोगले मतदाता नामावलीसम्बन्धी ऐन, २०७३ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी कार्यविधि बनाएर जारी गरेको हो। कार्यविधिअनुसार आयोगले स्थायी मतदाता नामावली सङ्कलन गर्ने कार्यक्रमसहितको सूचना प्रकाशन गर्नेछ। सो सूचना आयोगले आवश्यकताअनुसार राष्ट्रियस्तरका सञ्चारमाध्यमबाट समेत प्रकाशन तथा प्रसारण गर्न सक्ने व्यवस्था कार्यविधिमा गरिएको छ।

नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्थामा कार्यरत कर्मचारी, सेना, प्रहरी, कारागारमा रहेका थुनुवा र कैदी, निर्वाचन कार्यमा खटिएका कर्मचारी र सुरक्षाकर्मी, संवैधानिक निकायका प्रमुख तथा पदाधिकारको नाम स्थायी मतदाता नामावलीमा समावेश हुनेछ।

निर्वाचन आयोगले जारी गरेको उक्त कार्यविधिअनुसार कुनै व्यक्तिको नाम छुटेको वा कुनै मतदाताको नाम वा विवरणमा कुनै त्रुटि भएमा सम्बन्धित व्यक्तिले आफ्नो नाम समावेश गराउन वा त्रुटि सच्याउन प्रमाणसहित प्रमुख नाम दर्ता अधिकारीसमक्ष निवेदन दिनुपर्ने आयोगले जनाएको छ।

### *निर्वाचन...*

दिदै यसले पत्रकारिता क्षेत्रलाई व्यवस्थित, जिम्मेवार र उत्तरदायी बनाउन मद्दत पुर्याउने विश्वास व्यक्त गरे।

प्रेस काउन्सिल नेपालले आयोजना गरेका कार्यक्रममा नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवणकुमार देवको अध्यक्षतामा आयोजित कार्यक्रममा विशिष्ठ अतिथि मुख्य निर्वाचन अधिकृत किशोर घिमिरे, प्रेस काउन्सिल नेपालका सदस्य शान्ताराम विडारी, आमसञ्चार प्राधिकरण मधेश प्रदेशका अध्यक्ष जितेन्द्र खड्गा, प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेल लगायतकाले पत्रकार आचारसंहिताको पालनामा जोड दिनुभयो।

कार्यक्रममा बरखगणका प्रमुख सेनानी सोवित बहादुर चन्द, नेपाल प्रहरीका प्रहरी उपरीक्षक गौतमकुमार केसी, उच्च अदालत जनकपुर राजविराज इजलास वार एसोशिएसनका अध्यक्ष हरेराम यादव सहितको उपस्थिति थियो।

# कांग्रेसले भ्रष्टाचारमा मुछिएका व्यक्तिको नाता र नेता हेर्दैन : सभापति थापा

काठमाडौं, ७ फागुन (रासस)।

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले अबको पाँच वर्षभित्र मुलुकलाई भ्रष्टाचारमुक्त बनाउन चाहेको बताउनुभएको छ।

काठमाडौंको राष्ट्रिय सभागृहमा बिहीबार 'हाम्रो प्रतिज्ञा तपाईंको प्रश्न' नामक कांग्रेसको प्रतिज्ञापत्र विस्तृत सार्वजनिक एवं सवाल जवाफ कार्यक्रममा सभापति थापाले भन्नुभयो, "कांग्रेसले यी कुरा गर्दै गर्दा भ्रष्टाचारमा मुछिएका व्यक्तिको नाता र नेता हेर्दैन। जोसुकै जोस्, सभापति होस् कि कुनै पदमा भएका व्यक्तिले भ्रष्टाचार गरेको रहेछ भने उसलाई सार्वजनिक पदमा बस्ने अधिकार छैन।"

उहाँले २०४७ साल यताका जुनसुकै पार्टीका नेताहरूमाथि भ्रष्टाचार छानबिन गर्ने बताउनुभयो। सभापति थापाले अब कार्यालय केन्द्रित होइन कि नागरिक केन्द्रित सेवा बनाउनुपर्ने बताउनुभयो। उहाँले कुन काम कति समयमा सकिन्छ त्यो समयभित्रै सम्पन्न गर्नुपर्नेमा जोड दिनुभयो।

उहाँले नागरिकले जति समयमा सेवा पाउनुपर्ने हो उल्लेख गर्नुपर्ने र ढिला भएमा क्षतिपूर्ति पाउने व्यवस्था गराउनुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "सार्वजनिक सेवामा कुनै पनि कुरा एक दिनमा बनाइनेछ भन्यो भने त्यो एकै दिनमा बनाइनुपर्छ।"

सभापति थापाले डिजिटल सार्वजनिक सेवा सातै दिन, २४सै घण्टा र सेवामा ढिला सुस्ती भएमा नागरिकलाई क्षतिपूर्तिलगायतका व्यवस्था कांग्रेसले योजनाबद्ध रूपमा अगाडि सारेको बताउनुभयो।

## विश्व समाचार

### एआई साझा हितका लागि : मोदी

नयाँदिल्ली, ७ फागुन (रासस/एएफपी)।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आर्टिफिसियल इन्टेलिजेन्स (एआई) केही शक्तिशाली देश वा कम्पनीको सीमित साधन नभई विश्वव्यापी साझा सम्पत्ति बन्नुपर्ने धारणा व्यक्त गर्नुभएको छ। उहाँले एआई प्रविधि खुला, पहुँचयोग्य र समावेशी भए मात्रै यसको वास्तविक लाभ मानव समुदायले पाउने बताउनुभयो।

ग्लोबल एआई शिखर सम्मेलनलाई सम्बोधन गर्दै उहाँले एआईको 'लोकतान्त्रिकरण' अपरिहार्य रहेको उल्लेख गर्नुभयो। "एआईलाई लोकतान्त्रिकरण गर्नुपर्दछ ताकि मानिस एआईका लागि डाटा पोइन्ट मात्र बन्न नपरोस् वा एआईका लागि कच्चा माल बन्न नपरोस्", उहाँले स्पष्ट गर्नुभयो। उहाँका अनुसार विशेषतः ग्लोबल साउथका देशहरूका लागि एआई समावेशीकरण र सशक्तिकरणको प्रभावकारी माध्यम बन्नुपर्नेछ।

एआई इम्प्याक्ट समिट द्रुत गतिमा विस्तार भइरहेको यस क्षेत्र केन्द्रित चौथो वार्षिक अन्तर्राष्ट्रिय भेला हो। प्रविधि, नीति र नवप्रवर्तनबारे छलफल गर्न विश्वका विभिन्न देशका प्रतिनिधि यहाँ सहभागी भएका छन्।

गत वर्ष स्ट्यानफोर्ड विश्वविद्यालयका शोधकर्ताहरूले सार्वजनिक गरेको एआई प्रतिस्पर्धात्मकताको वार्षिक विश्वव्यापी र्याङ्किङमा भारत तेस्रो स्थानमा उक्लिएको तथ्य पनि उहाँले स्मरण गराउनुभयो। यद्यपि ठूलो परिमाणमा पूर्वाधार विकासका योजना र नवप्रवर्तनसम्बन्धी महत्त्वाकांक्षी लक्ष्यहरू अघि सारिए पनि विज्ञहरूले भने संयुक्त राज्य अमेरिका र चीनसँग प्रतिस्पर्धा गर्न भारतले अझै लामो यात्रा तय गर्नुपर्ने आकलन गर्दै आएका छन्।

यस सन्दर्भमा उहाँले हालै भारतीय कम्पनीहरूले सार्वजनिक गरेका एआई मोडेलहरू उल्लेख गर्दै 'भारतमा सफल हुने एआई मोडेललाई विश्वभर प्रयोग गर्न सकिन्छ' भन्नुभयो। उहाँका अनुसार एआई प्रविधि तब मात्र फाइदाजनक बन्नेछ जब यसलाई साझा गरिन्छ र यसको मूल प्रणालीहरू खुला राखिन्छन्। "त्यसपछि मात्रै हाम्रा लाखौं युवा दिमागहरूले यसलाई अझ राम्रो र सुरक्षित बनाउन सक्षम हुनेछन्", उहाँले भन्नुभयो।

उहाँले विश्व समुदायलाई एआईलाई विश्वव्यापी साझा हितका लागि प्रयोग गर्ने सङ्कल्प गर्न आह्वान गर्नुभयो। अङ्ग्रेजीमा सम्बोधन गर्दै उहाँले मानव र बुद्धिमान् प्रणालीबीचको सहकार्यलाई भविष्यको दिशा ठहर गर्नुभयो। "हामी यस्तो युगमा प्रवेश गरिरहेका छौं जहाँ मानिस र गुप्तचर प्रणालीहरूले सह-निर्माण, सह-कार्य र सह-विकास गर्छन्", उहाँले भन्नुभयो।

### मार्सल ल प्रकरण : युनलाई आजीवन जेल

सियोल, ७ फागुन (रासस/एपी)।

दक्षिण कोरियाको लोकतान्त्रिक व्यवस्थालाई झट्का दिएको मार्सल ल घोषणासम्बन्धी मुद्दामा पूर्वराष्ट्रपति युन सुक येओललाई अदालतले आजीवन कारावासको सजाय सुनाएको छ। सन् २०२४ डिसेम्बरमा सेना परिचालन गर्दै संसद् नियन्त्रण गर्ने प्रयासलाई अदालतले विद्रोहको अपराध ठहर गरेको हो।

सियोल केन्द्रीय जिल्ला अदालतका न्यायाधीश जी कुइ-युनले उहाँले उदार नेतृत्वको राष्ट्रियसभामाथि नियन्त्रण कायम गर्न, राजनीतिक नेताहरूलाई पक्राउ गर्न तथा निश्चित अवधिसम्म नियन्त्रणहीन शासन स्थापना गर्न सेना र प्रहरी परिचालन गरेको निष्कर्ष निकाल्नुभएको छ। उहाँविरुद्ध विशेष सरकारी वकिलले मृत्युदण्ड माग गर्नुभएको थियो, तर घटनामा ज्यानहानि नभएकाले अधिकांश विश्लेषकहरूले आजीवन कारावासको सम्भावना औंल्याएका थिए। दक्षिण कोरियामा सन् १९९७ पछि मृत्युदण्ड कार्यान्वयन नभएकाले त्यसलाई व्यवहारतः स्थगन मानिन्छ।

फैसला सुनाइँदा अदालत परिसर वरिपरि कडा सुरक्षा व्यवस्था गरिएको थियो। समर्थक र विरोधी दुवै पक्ष प्रदर्शनमा उत्रिएका थिए। उहाँले फैसलाविरुद्ध पुनरावेदन गर्ने सम्भावना रहेको जनाइएको छ।

अदालतले मार्सल ल कार्यान्वयनमा संलग्न अन्य पूर्व सैनिक तथा प्रहरी अधिकारीहरूलाई पनि दोषी ठहर गरेको छ। पूर्वरक्षामन्त्री किम योङ ह्युनलाई योजना निर्माण र सेना परिचालनमा केन्द्रीय भूमिका खेलेको ठहर गर्दै ३० वर्षको कारावास सजाय सुनाइएको छ।

युनले आफ्नो कदमलाई 'राज्यविरोधी शक्तिहरू' नियन्त्रण गर्न आवश्यक भएको दावी गर्दै बचाउ गर्नुभएको थियो। तर सांसदहरूले सैनिक घेरा तोड्दै सर्वसम्मतिले आदेश खारेज गरेपछि मार्सल ल करिब छ घण्टामै अन्त्य भएको थियो। त्यसपछि संसद्ले उहाँविरुद्ध महाभियोग पारित गरेको थियो र अप्रिल २०२५ मा संवैधानिक अदालतले औपचारिक रूपमा पदबाट हटाएको थियो। उहाँ गत जुलाईदेखि विभिन्न आपराधिक अभियोगमा हिरासतमा रहनुभएको छ।

यसअघि गिरफ्तारीको प्रतिरोध र कानुनी रूपमा आवश्यक मन्त्रिपरिषद् बैठक नगरेको अभियोगमा उहाँलाई पाँच वर्षको छुट्टै सजाय सुनाइएको थियो। साथै प्रधानमन्त्री हान डक सूसहित मन्त्रिमण्डलका दुई सदस्यलाई पनि अभिलेखमा हेरफेर र शपथअन्तर्गत असत्य बयान दिएको अभियोगमा दोषी ठहर गर्दै २३ वर्षको कारावास सजाय सुनाइएको छ। हानले उक्त फैसलाविरुद्ध पुनरावेदन गर्नुभएको छ।

# कुनै पनि किसिमका मत सर्वेक्षण नगर्न सञ्चारमाध्यम सँग अनुरोध छ : कार्यवाहक प्रमुख

**निर्वाचन आयुक्त भण्डारी**

काठमाडौं, ७ फागुन (रासस)।
कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले कुनै पनि किसिमका मत सर्वेक्षण नगर्न सञ्चारमाध्यमसँग अनुरोध गर्नुभएको छ। दशौँ निर्वाचन दिवसका अवसरमा बिहीबार निर्वाचन आयोगले आयोजना गरेको कार्यक्रममा उहाँले मत सर्वेक्षणलाई निर्वाचन आचारसंहिताले निषेध गर्ने भएकाले यस्ता घटना भए कारबाही गरिने बताउनुभयो।

निर्वाचनका समयमा सत्य समाचारलाई झुट र झुट समाचारलाई सत्य बनाएर प्रस्तुत गर्नसक्ने भएकाले पनि सचेत हुन कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले आग्रह गर्नुभयो।

"राजनीतिक दलका समर्थकले पनि निर्वाचन आचारसंहिता पालना गरेर निर्वाचन गराउनतिर लाग्नुस्, सामाजिक सञ्जाल प्रयोग गरेर कसैलाई मानमर्दन नगरौँ, सत्य र तथ्यमा आधारित भई काम गरौँ, निर्वाचनमा सामाजिक सञ्जाल पेचिलो विषय भएकाले यसको प्रयोग गर्दा ध्यान दिऔँ", उहाँले भन्नुभयो।

कसैको दवाब र प्रभावमा नपरी सही प्रतिनिधि छान्न उहाँले मतदातालाई पनि आह्वान गर्नुभयो। सुरक्षाको बैठक गरेर निर्वाचन सुरक्षाका विषयमा नीति र रणनीति तय गर्न लागिएको जानकारी पनि कार्यवाहक प्रमुख आयुक्त भण्डारीले सो अवसरमा गराउनुभएको थियो।

निर्वाचन आचारसंहिता बाहिर गएर प्रचारप्रसार गरे जिल्लाजिल्लामा निर्वाचन अधिकृतको कार्यालयले कारबाही गर्ने भएकाले सचेत हुन पनि उहाँले ध्यानाकर्षण गराउनुभयो। पर्यवेक्षण गर्नेले तोकिएका काम मात्र गनुपर्नेमा आयोगले सचेत गराएको छ।

धेरै भन्दा धेरै मत खसाल्न लगाउने र खसेका मत सबै सदर गराउने गरी काम गर्न उहाँले मतदाता शिक्षामा संलग्न स्वयंसेवक, निर्वाचन प्रक्रियामा खटिएका कर्मचारी, सुरक्षाकर्मी र सम्बद्ध सबैमा अनुरोध गर्नुभयो। निर्वाचनमा सानो गल्तीले पनि ठूलो समस्या आउन सक्ने भएकाले उच्च मनोबलका साथ सचेत भएर काम गर्नुपर्नेमा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले जोड दिनुभयो।

आयोगका सचिव कृष्णबहादुर राउतले फागुन २१ गतेको निर्वाचनका लागि जिल्ला जिल्लामा मतदान अधिकृत तोक्ने र तालिम दिने काम भइरहेको जानकारी गराउनुभयो। निर्वाचन शिक्षासम्बन्धी धेरै विषय आयोगले वेबसाइट र आयोगको आधिकारिक सामाजिक सञ्जालका पृष्ठबाट राखिरहेको पनि उहाँले उल्लेख गर्नुभयो।

अहिले देशभरका छ हजार ७४३ वटै वडामा मतदातालाई शिक्षा दिने काम भइरहेको सचिव राउतले जानकारी दिनुभयो। निर्वाचनलाई पारदर्शी बनाउन यसपटक आयोगले खर्च व्यवस्थापन कार्यविधि पारित गरी राजनीतिक दल र उम्मेदवारले पनि निर्वाचन प्रयोजनका लागि छुट्टै खाता खोल्नुपर्ने व्यवस्था गरेको जानकारी उहाँले उल्लेख गर्नुभयो।

आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले २०१५ साल फागुन ७ गते नेपालमा पहिलोपटक निर्वाचन भएको सम्झनामा आयोगले २०७३ साल फागुन ७ गतेदेखि निर्वाचन दिवस मनाउन थालेको जानकारी दिनुभयो। पहिलोपटक नागरिकले मत हालेर सार्वभौम भएको दिनको स्मरणमा आयोगले प्रत्येक वर्ष फागुन ७ गते यो दिवस मनाउन थालेको उहाँले उल्लेख गर्नुभयो।

# निर्वाचनमा सरकारले सम्पूर्ण तागत लगाएको छ : प्रधानमन्त्री

काठमाडौं, ७ फागुन (रासस)।
प्रधानमन्त्री सुशीला कार्कीले स्वच्छ, निष्पक्ष, शान्तिपूर्ण र भयमुक्त वातावरणमा निर्वाचन सम्पन्न गरी मुलुकमा दिगो लोकतान्त्रिक स्थायित्वको नयाँ युगको ढोका उघार्ने प्रयत्नमा सरकारले सम्पूर्ण तागत लगाएको बताउनुभएको छ।



राष्ट्रिय प्रजातन्त्र दिवस २०८२ का अवसरमा बिहीबार सैनिक मञ्च टुँडिखेलमा आयोजित विशेष समारोहलाई सम्बोधन गर्दै उहाँले निर्वाचनबाट आउने संसद् र सरकारले लोकतन्त्रलाई अझ जीवन्त, नतिजामुखी र जनउत्तरदायी प्रणालीका रूपमा अघि बढाउने विश्वास व्यक्त गर्नुभयो।

प्रधानमन्त्री कार्कीले सबल लोकतन्त्रले असन्तोषलाई दमन नगर्ने र त्यसलाई सुधारको अवसरका रूपमा ग्रहण गर्नुपर्नेमा जोड दिनुभयो। "प्रजातन्त्रलाई अब शासकीय स्वरूपमा आएको प्राविधिक परिवर्तनका रूपमा मात्र कदापि हेरिनुहुँदैन। अब त खासमा यो एउटा जीवनशैली हो।

यो इन्टरनेटमा हुने अभिव्यक्ति स्वतन्त्रतादेखि भान्छामा पाक्ने तरकारीको मूल्यसम्ममा झल्कनुपर्छ", उहाँले भन्नुभयो।

प्रधानमन्त्री कार्कीले लोकतन्त्र केवल प्रक्रिया मात्र नभएको उल्लेख गर्दै यसले नतिजा दिनुपर्छ भन्नुभयो। "विधिको शासन आवश्यक छ तर प्रक्रियाको नाममा नागरिकलाई अल्झाएर राख्नु, ढिलासुस्ती, हैरानी र प्रताडना दिनु पनि लोकतन्त्रको अभ्यास होइन। यो त वेथिति हो", उहाँले भन्नुभयो।

वर्तमान सरकारले जेनजी आन्दोलनको आवाजलाई गम्भीरतापूर्वक लिएको जनाउँदै प्रधानमन्त्रीले सुशासन, पारदर्शीता, समन्याय र जवाफदेहीतालाई व्यवहारमा रूपान्तरण गर्ने दिशामा सरकारका प्रयास अभिमुख भइरहेको स्पष्ट पार्नुभयो।

प्रजातन्त्र दिवसले संस्कारयुक्त राजनीति, जवाफदेही शासनशैली, सामाजिक न्यायसहितको समृद्धि हासिल गर्न प्रेरित गरोस् भन्दै प्रधानमन्त्रीले राष्ट्र सबै नागरिकका लागि समान अवसर र सम्मानको साझा घर बन्नुपर्नेमा जोड दिनुभयो। "हाम्रो लोकतन्त्रको मुख्य चुनौती भ्रष्टाचार, स्रोतमा सीमित वर्गको हालीमुहाली र दण्डहीनता नै हो। ठूलो युवा पंक्ति पलायन भएर हाम्रा गाउँहरु खाली हुनुको प्रमुख कारण पनि यही नै हो", उहाँले भन्नुभयो।

# देश बनाउन युवाको उर्जा र अनुभवी पुस्ताको दृष्टि चाहिन्छ : अध्यक्ष ओली

काठमाडौं ७ फागुन (रासस)।
नेपाल कम्युनिष्ट पार्टी (एमाले का अध्यक्ष केपी शर्मा ओलीले उहाँले देश बनाउन युवाको उर्जा र अनुभवी पुस्ताको दृष्टि चाहिने बताउनुभएको छ।

पार्टीको चुनावी घोषणा पत्र सार्वजनिक कार्यक्रममा बिहीबार उहाँले आगामी निर्वाचन राष्ट्रघात र स्वाभिमानबीचको संघर्ष भएको बताउनुभयो। उहाँले भन्नुभयो, "आगो र उज्यालो दुवै मिलेर मात्र यो देशको भविष्य उज्ज्वल हुन्छ। हाम्रो राजनीति सबै पुस्तालाई जोड्ने, मिलाउने, साथ लिएर हिँड्ने हो।"

अध्यक्ष ओलीले घोषणा पत्रमा तत्काल गर्ने ११ काम, ५ आधारभूत घोषणा, र समृद्धिका २५ स्तम्भलाई नीतिगत प्राथमिकतामा राखेको उल्लेख गर्नुभयो। "निर्वाचनपछि बन्ने सरकारको पहिलो मन्त्रीपरिषद् बैठकबाटै निर्णय गरेर समयसीमा तोकी तत्काल गर्ने ११ काम अघि बढाउने छौं," उहाँले भन्नुभयो।

अध्यक्ष ओलीले भदौ २४ गतेको महाविनाश अप्रत्यासित घटना नभई नेपाल राष्ट्रको सार्वभौमसत्ता र अस्तित्वमाथिको योजनाबद्ध आक्रमण रहेको बताउनुभयो।

# सङ्घीयता र गणतन्त्रसम्मको यात्राको जननी फागुन ७ को क्रान्ति हो : सभापति थापा

काठमाडौं, ७ फागुन (रासस)।
नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले समृद्धिको सपना, समावेशीताको जग, राष्ट्रियता र प्रजातन्त्रको अन्योन्याश्रितसम्बन्ध हँदै २०४६ सालको परिवर्तन र २०६२/६३ सालको आन्दोलनमार्फत सङ्घीयता र गणतन्त्रसम्मको यात्राको जननी २००७ साल फागुन ७ को क्रान्ति नै भएको बताउनुभएको छ।

फागुन ७ गते प्रजातन्त्र दिवसको शुभकामना सन्देश जारी गर्दै उहाँले कांग्रेसको नेतृत्वमा नेपालको आधुनिक इतिहास प्रारम्भ भएको गौरवमय दिन भएको उल्लेख गर्नुभएको छ। विसं २००७ को ऐतिहासिक जन-क्रान्तिले १०४ वर्ष लामो निरङ्कुश राणा शासनको अन्त्य गरी देशमा प्रजातन्त्रको स्थापना गरेको गौरवमय दिनका उहाँले समस्त नेपालीमा शुभकामना व्यक्त गर्नुभएको छ।

"कात्तिक २६, २००७ देखि प्रारम्भ भएको ऐतिहासिक जनक्रान्तिले केवल राजनीतिक परिवर्तन मात्र होइन; आर्थिक, सामाजिक, सांस्कृतिक र शैक्षिकलगायत हरेक क्षेत्रमा यसले अग्रगामी मार्ग प्रशस्त गरेको थियो," सभापति थापाले उल्लेख गर्नुभएको छ,"मध्ययुगीन सामन्ती संरचनाबाट आधुनिक लोकतान्त्रिक यात्रातर्फ नेपालले साहसी कदम चाल्यो। प्रजातन्त्रसँगै सुदृढ राष्ट्रियता, नागरिक अधिकार र जन-सहभागिताको बलियो आधार पनि यही दिनले निर्माण गऱ्यो।"

उहाँले राष्ट्रिय स्वाधिनता र नागरिक अधिकार लागि पटक-पटक भएका क्रान्ति, सङ्घर्ष र आन्दोलनमा अनेकौं सपुतहरूले लोकतन्त्रको वेदीमा आफूलाई उत्सर्ग गरेका गर्नुभएको छ।

सभापति थापाले नेपालको संविधानको संरक्षण र सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई संस्थागत स्थायित्व कायम गर्दै नेपाललाई आर्थिक रूपले समृद्ध मुलुकमा रुपान्तरण गर्न सक्यौं भने मात्र लोकतान्त्रिक आन्दोलनमा बलिदानी दिनुहुने सहिदहरुप्रति सच्चा सम्मान प्रकट हुने बताउनुभएको छ।

लोकतन्त्र स्थापना र पुनःस्थापनाको सङ्घर्षमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञातअज्ञात सहीदप्रति श्रद्धासुमन अर्पण गर्दै सभापति थापाले उहाँहरूको त्याग, साहस र बलिदानको उच्च सम्मान गर्नुभएको छ।

# एमालेको चुनावी घोषणापत्र सार्वजनिक

काठमाडौं, ७ फागुन (रासस)।
नेपाल कम्युनिष्ट पार्टी (एमाले ले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आफ्नो घोषणापत्र सार्वजनिक गरेको छ। एमालेको केन्द्रीय निर्वाचन परिचालन कमिटीले आयोजना गरेको चुनावी घोषणापत्रमा आधारित बहस 'देश पहिला' कार्यक्रममा अध्यक्ष केपी शर्मा ओलीले सम्बोधन गर्दै लक्ष्य निर्धारणहित प्रतिबद्धता सार्वजनिक गर्नुभएको हो।

एमालेले 'समृद्ध नेपाल, सुखी नेपालीः राष्ट्रिय आकाङ्क्षा हाम्रो गन्तव्य' को नारासहित त्यसलाई पूरा गर्न आफ्नो पार्टीलाई विजयी गराउनुपर्नेमा जोड दिएको छ। विगतमा आफ्नो पार्टी सरकारमा हुँदा थालिएका र पूरा गर्न नपाएका सुशासन, विकास, रोजगारी र सामाजिक न्यायका क्षेत्रलाई एमालेले मुख्य प्राथमिकता दिएको छ।

घोषणापत्रमा तत्काल गर्ने ११ काम, पाँच आधारभूत काम र २५ सङ्कल्प सार्वजनिक गरिएको छ। अध्यक्ष ओलीले भत्काउने र जलाउने नभई बनाउने सङ्कल्पका साथ एमालेले विगतका अनुभव र अभ्यासका कारण मुलुकको मुहार फेर्ने कामको अगुवाइ गर्ने दाबी गर्नुभयो।

उहाँले स्वाधीनता र राष्ट्रियताको पक्षमा एमाले सधैं दृढ रहेको स्पष्ट गर्दै आफूहरु कुनै लोकप्रितावाद वा स्टन्टमा केन्द्रित नहुने बताउनुभयो।

## नेजपाको...

विषयलाई प्राथमिकतामा राखिएको छ।

जिल्ला अध्यक्ष दिपेन्द्र यादवको अध्यक्षतामा आयोजित उक्त कार्यक्रममा पार्टीका केन्द्रिय अध्यक्ष त्रिभुवननाथ पाठक, सचिव जयनाथ यादव, मधेश प्रदेश प्रदेश अध्यक्ष शत्रुघन प्रसाद साह तथा महन्थ मोतीदास बैरागी लगायतले उम्मेदवारको पक्षमा आ-आफ्नो विचार राखेका थिए।

सूचना! सूचना सूचना!!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडिको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं।

हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा



सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेबसाइट :** rajbirajdainik.com.np